नेपाल पत्रकार महासंघ

नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौं
Central Committee
Federation of Nepali Journalists

मिति २०७५/५ /७

## प्रेस विज्ञप्ति

समाचारको विषयलाई लिएर कञ्चनपुर र नवलपरासीमा कार्यरत पत्रकारमाथि भएको दुर्व्यवहार र धम्कीको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

महासंघ कञ्चनपुर शाखाका अनुसार भाद्र ६ गते शाखा सदस्य एवं जनसरोकार पोष्ट साप्ताहिकमा कार्यरत पत्रकार राजेन्द्र प्रसाद अवस्थीलाई “मोबाइल चोरी गर्ने दुई पक्राउ” शीर्षकमा प्रकाशित समाचारलाई लिएर भीमदत्त नगरपालिका १८ स्थित सनराइज स्कुलकी प्रिन्सिपल गंगा चालिसेले धम्की दिएकी छन् ।

त्यस्तै समाचारकै विषयलाई लिएर सोही दिन महासंघ नवलपरासी शाखाका सदस्य एवं स्थानीय पत्र साप्ताहिकका सम्वाददाता रवि पाण्डेलाई बर्दघाट बजारमा दुई-तीन जनाको समुहमा आएका व्यक्तिले दुर्व्यवहार गरेको शाखाले जनाएको छ ।

प्रकाशित समाचारप्रति चित्त नबुझे या कुनै गुनासो रहे त्यसउपर अपनाउनुपर्ने कानुनी उपचारका बाटोलाई छाडेर पत्रकारलाई दुर्व्यवहार र धम्की दिइनु प्रेस स्वतन्त्रताविरोधी काम हो । महासंघ प्रेस विरोधी यस्ता घटनाको कडा शब्दमा भर्त्सना गर्दछ । र, दुर्व्यवहार र धम्की दिनेमाथि कारबाही गरी पत्रकारलाई सुरक्षित र सहज पत्रकारिता गर्ने वातावरण बनाउन सम्बन्धित निकायसँग माग गर्दछ ।

रमेश विष्ट
महासचिव

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org